# ज्वालामुखी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
साँधभञ्ज्याङ, धादिङ
बागमती प्रदेश नेपाल

## आ.व. ०७७/०७८ को लागि आन्तरिक आयको ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०७७/०८/१४**

स्थानीय सरकार संचालन ऐन २०७४, परिच्छेद ३ को दफा ११ घ (१) घ (२) र घ (६) को व्यवस्था अनुसार ज्वालामुखी गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि २०७५, राजस्व परामर्श समितिको सिफरिस र ज्वालामुखी गाउँ कार्यपालिकाको निर्णय अनुसार आ.व. २०७७/०७८ को बाँकी अवधिदेखि २०७८ आषाढ मसान्तसम्म) को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट तोकिएको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित खोला, नदीनाला तथा खानी क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन् नहुने गरी रोडा, ढुंगा, बालुवा, ग्राभेल ठेक्का गर्नुपर्ने भएकोले निकासी शुल्क संकलनको ठेक्का लिन ईच्छुक (मू.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको फर्म नवीकरण, आ.व. २०७५/०७६ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म वा कम्पनीबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र बोलपत्र खरिद गरी पेश गर्न यो ३० (तीस) दिने सूचना प्रकाशित गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारबाही गरिने छैन । बोलपत्र सम्बन्धी अन्य विवरण गाउँपालिकाको **Website M www. jwalamukhimun.gov.np** वा बोलपत्र फाराममा खुलाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७७/७८ का लागि कायम वार्षिक न्यूनतम अंक (मू.अ. कर बाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व ३।०७७/०७८ | ढुंगा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा भट्टामा प्रयोग हुने माटो निकासी कर तथा बिक्री शुल्क उठाउने कार्य ज्वालामुखी गा.पा. वडा नं. ७ को रामपुरटार, एकलटार, आँखुबेसी, धतुवाटार आदि । | निकासीकर बिक्री शुल्क ढुंगा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, प्रति क्यू फिट ९.०० (नौ रुपैयाँ, माटो क्यू फिट २.५० (दुई रुपैयाँ पचास पैसा मात्र १०,००,०००। (दश लाख मात्र) | **१०,००,०००। (दश लाख मात्र)** | ढुङा, गिट्टीमा निकासी तथा बिक्री समेत गरी ३१५० घन मिटर | १०००।- | कबोल अंकको ५ प्रतिशत |

**बैंकको नाम :** मेगा बैंक नेपाल लि., ज्वालामुखी शाखा, धादिङ
**बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति :** २०७७/०९/१३
**बैंक खाता नं. :** ०९३००१००१००४९ (धरौटीको लागि)
**बोलपत्र दर्ता अन्तिम मिति :** २०७७/०९/१४ दिनको १२:०० बजेसम्म
**बोलपत्र खोल्ने मिति :** २०७७/०९/१४ दिनको २ :०० बजे

**ठेक्का सम्झौताका शर्तहरू :**

१. बोलपत्र फारम साथ धरौटी बापत कबोल अंकको पाँच प्रतिशतले हुने जमानत बापतको रकम यस कार्यालयको मेगा बैंक नेपाल लि., ज्वालामुखी शाखामा रहेको धरौटी खाता नं. ०९३००१००१००४९ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विड वण्ड) पेश गर्नुपर्नेछ ।
२. पुल, कल्भर्ट, कजवे, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ तोकिएको ५०० मिटरसम्म ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल र रोडा निकाल्न पाईने छैन ।
३. सरकारी कार्यालयबाट लगाइने ठेक्का-पट्टामा प्रयोग हुने ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल र रोडामा कर वा शुल्क नलाग्ने भनी सम्झौतामा उल्लेख भै यस कार्यालयको स्वीकृत पत्र प्राप्त भएकोमा बाहेक अन्य ठेक्का-पट्टामा निकासी कर वा बिक्री शुल्क उठाउन पाईने छ ।
४. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समयमा कार्यालयमा सम्झौता गरिसक्नु पर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत हुनेछ ।
५. बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ४० प्रतिशत रकम बुझाई सम्झौता गर्नुपर्नेछ र बाँकी ६० प्रतिशत रकम बराबर यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको असार मसान्तसम्म म्याद भएको बैंक जमानत उपलब्ध गराउनुपर्ने छ ।
६. ठेक्काको बाँकी दुई किस्ता रकम ३०,३० प्रतिशत क्रमशः पहिलो किस्ता २०७७ चैत्र मसान्त र दोश्रो किस्ता २०७८ बैशाख मसान्त भित्र बुझाइसक्नु पर्नेछ ।
७. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।
८. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन र स्थानीय सरकार संचालन ऐन, २०७४ (संसोधन सहित) बमोजिम हुनेछ ।
९. ठेकेदारले बन्द हडतालको वा अन्य कुनै कारण देखाई छुट तथा मिन्हा दाबी गरेमा कार्यालयले छुट र मिन्हा दिने छैन ।
१०. विषेश अवस्थामा सूचनामा उल्लेखित शर्त समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।
११. नेपाल सरकारले नदीजन्य पदार्थको उत्खनन् कार्यमा रोक लगाएमा सोही अनुसार हुनेछ ।
१२. यस कार्यालयलाई बुझाउनु पर्ने राजश्व वा अन्य कुनै बाँकी वक्यौता नबुझाएका फर्म तथा कम्पनीहरुले कुनै पनि ठेक्का-पट्टामा भाग लिन पाउने छैनन् ।
१३. सूचना सम्बन्धी थप विवरण यस कार्यालयको वेवसाईड **www.jwalamukhimun.gov.np** मा हेर्न वा सूचना अधिकारीको मो.नं. ९८५१२१५३९७ मा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**